# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ५ | संख्या २ | मिति २०७८।०९।०८ |
|---|---|---|

## भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेश, नेपाल**

**संवत २०७८ सालको कार्यविधि संख्या २**

# कृषक कल्याणकारी बचत कोष कार्यविधि, २०७८

विहादी गाउँपालिकामा अन्तर्गत रहेका कृषकहरुको लागि कल्याणकारी कोष स्थापना गरी व्यवस्थित गर्नुपर्ने भएकाले विहादी गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ अनुसार सर्वसाधारणको जानकारीको लागि यो कार्यविधि प्रकाशन गरिएको छ।

विहादी गाउँपालिका

# कृषक कल्याणकारी बचत कोष कार्यविधि, २०७८

**प्रस्तावना :** नेपाल एक कृषि प्रधान देश हो। यहाँका जनसंख्याको दुई तिहाई मानिसहरु कृषि पेशामा संलग्न रहेका छन्। जीविकोपर्जनका लागि नगरी नहुने कृषि पेशा अपेक्षाकृत तरीकाले प्रविधिमय हुन नसकिरहेको अवस्था छ। कृषि पेशालाई मर्यादित र व्यवस्थित बनाई स्थानीय श्रोत साधनको समुचित प्रयोग गराई कृषि पेशामा मानव श्रोत परिचालनमा व्यापकता ल्याउन स्थानीय तहको आवश्यकता रहेको छ। यसै कुरालाई आत्मसाथ गर्दै विहादी गाउँपालिकाले कृषक र कृषि पेशालाई आयमुलक स्वरोजगारमुलक, व्यावसायिक र उत्पादनमुखि बनाउन र खर्च हुने रकमलाई पारदर्शी, आयमुलक, दिगो र प्रतिस्प्रर्धी गराई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ण) ले दिएको अधिकार अन्तर्गत रही विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम विहादी गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरि लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **"विहादी गाउँपालिका कृषक कल्याणकारी बचत कोष कार्यविधि, २०७८ "** रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यालय" भन्नाले यस विहादी गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ।

ख) "शाखा" भन्नाले यस विहादी गाउँपालिकामा रहेको कृषि तथा पशु विकाश शाखा लाई जनाउनेछ।

ग) "सञ्चालक समिति" भन्नाले दफा ५(क) बमोजिम गठित "कृषक कल्याणकारी बचत कोष सञ्चालक समिति" लाई जनाउने छ।

घ) "कृषक" भन्नाले यस कार्यविधिको दफा ९ अनुसार छनौट भएको कृषक लाई जनाउनेछ।

ङ) "कार्यविधि" भन्नाले विहादी गाउँपालिका कृषक कल्याणकारी बचत कोष कार्यविधि, २०७८ " सम्झनुपर्नेछ।

च) "कोष" भन्नाले दफा १० बमोजिम बैंकमा खोलिएको बैंक खातालाई जनाउनेछ।

छ) "विशेष परिस्थिति" भन्नाले दफा १६ अनुसारको अवस्थालाई जनाउनेछ।

ज) "निस्सा" भन्नाले दफा ८ बमोजिम कृषक दर्ताको कार्यालयवाट दिईने अभिलेखलाई जनाउनेछ।

झ) "उपसमिति" भन्नाले दफा ५ (ङ) बमोजिम गठित समितिलाई जनाउनेछ।

**३. क्षेत्र :** यस विहादी गाउँपालिका क्षेत्र भित्रका सवै कृषकहरुलाई यस कार्यविधिले समेट्नेछ।

## परिच्छेद - २

## उद्देश्य र लक्ष

**४. लक्ष र उद्देश्य :**

क) लक्ष : स्थायी रुपमा गाउँपालिकाभित्र बसोवास गरेका, सिप विहिन, प्रविधि विहिन र आर्थिक रुपले विपन्न कृषकहरुलाई सिप युक्त र व्यावसायिक कृषक बनाउँदै आयमुलक, स्वरोजगार र आत्मनिर्भर कृषक बनाउने ।

ख) उद्देश्य : कृषक कल्याणकारी बचत कोषका उद्देश्य देहाय अनुसार रहेका छन् ।

ख१. कृषि उद्यमशिलता विकास गर्दै स्वरोजगारको अवसर सृजना गरि आयमूलक कार्य गर्न अवसर प्रदान गर्ने ।

ख२. व्यावसायिक कृषि कार्य गरि उत्पादकत्व बढाई आय क्षेत्र विस्तार गर्न अनुदान उपलब्ध गराउने ।

ख३. परम्परागत सिपमा आधारित उत्पादनलाई बजारीकरण प्रवर्धन गर्नका लागि आवश्यक सहयोग पुर्याउने ।

ख४. पिछडिएका तथा विपन्न कृषक वर्गलाई एकिकृत गर्दै व्यवसायिक तथा प्रतिस्पर्धि कृषक बनाउने ।

ख५. समाजमा कृषि पेशा प्रति आकर्षण बढाउँदै कृषि पेशामा मानिसहरुको संलग्नता बढाउने ।

## परिच्छेद-३

## कृषक कल्याणकारी बचत कोष सञ्चालक समिति

**५.** क) गाउँपालिकाको कृषक कल्याणकारी बचत कोषलाई सञ्चालन गर्न, अस्पष्ट रहेका कुरामा आवश्यक निर्णय गर्न, कार्यविधिकमा द्धुविधा भएका विषयमा आवश्यक निर्णय गर्न, कृषक छनौट सम्बन्धि अन्तिम टुङ्गो लगाउन, यो कार्यविधि सम्बन्धि आवश्यक प्रस्ताव कार्यपालिकामा पेश गर्नका लागि देहाय बमोजिमको कृषक कल्याणकारी बचत कोष सञ्चालक समिति रहने छ ।

**देहाय :**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| वडा अध्यक्षहरु ६ जना | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| कार्यपालिका सदस्यहरुवाट संयोजकले मनोनित गरेका २ जना | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

ख) कृषक कल्याणकारी बचत कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

१. बैंक सँग सम्झौता गरि कोषलाई कृषकहरुको बैंक खाता खोली सञ्चालन गर्ने ।

२. पालिकावाट प्रदान गरिने चौमासिक अनुदान रकम कृषकहरुको खातामा जम्मा गर्न सिफारिस गर्ने ।

३. बचत कोषमा संलग्न कृषकहरुको अनुगमन गर्ने ।

४. कृषक छनौट सम्बन्धी कुनै विवाद आएमा समितिले अन्तिम निर्णय दिनेछ ।

५. बचत कोषमा आबद्ध भएका कृषकले बचत कोष छोड्न चाहेमा उप समितिको सिफारिसको आधारमा समितिले सिफारिस गर्ने ।

६. बचत कोषमा सहभागी हुने कृषक सम्बन्धमा कुनै विशेष मापदण्ड बनाउन आवश्यक परेमा समितिले कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ।
७. छनौट भएका कृषकहरु कार्यविधिअनुसार भए नभएको जाँचबुझ गरि अन्तिम नामावली सिफारिस गर्ने।
८. दफा १६ अनुसारको विशेष परिस्थिति सम्बन्धमा आवश्यक निर्णय गर्ने।
९. कृषक आवेदन सम्बन्धी सूचना प्रकाशन, आवश्यक कागजात तथा निवेदन संकलन सम्बन्धी आवश्यक निर्णय गर्ने।

ग) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिले आवश्यक ठानेमा अन्य कर्मचारी तथा विज्ञलाई बैठकमा बोलाउन सक्नेछ।

घ) सञ्चालक समितिको काम कर्तव्य र अधिकारमा कार्यपालिकाले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ र सञ्चालक समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार आफ्नो काम, कर्तव्य र अधिकार समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

ङ) कृषक कल्याणकारी बचत कोष सञ्चालक समितिको काम कारवाहीमा सहयोग गर्न प्रत्येक वडामा वडाध्यक्षको नेतृत्वमा सम्पूर्ण वडा सदस्य रहेको समितिले कृषक कल्याणकारी बचत कोष सञ्चालक उपसमितिको रुपमा काम गर्नेछ।

## परिच्छेद - ४
## कृषक छनौटका आधारहरु:

६. बचत कोषमा सहभागी हुन ईच्छुक कृषकहरुले अनुसूची १ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित सम्बन्धित वडाको उपसमितिमा निवेदन दिनुपर्नेछ।

७. निवेदन सम्बन्धि सूचना प्रकाशन र आवश्यक जानकारी सञ्चालक समितिको निर्णयानुसार हुनेछ।

८. प्रत्येक वडावाट उपसमिति मार्फत कृषकहरुका प्राप्त निवेदन उपर आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरि कृषक छनौटको लागि समितिको सदस्य सचिवले सञ्चालक समितिमा पेश गर्नेछ। सञ्चालक समितिको निर्णय पश्चात शाखाले अनुसूचि २ बमोजिमको ढाँचामा कृषकहरुको अभिलेख राखी सम्बन्धित कृषकहरुलाई निस्सा प्रदान गर्नु पर्नेछ।

९. यस कार्यविधि अनुसार कृषक कल्याणकारी बचत कोषमा सहभागी हुने कृषकहरुको छनौट सञ्चालक समितिले देहायका मापदण्डमा आधारित रहेर गर्नेछ।

क) कृषि कार्यको हकमा कम्तिमा आधा रोपनी जमिनमा खेती गरिरहेको र पशुधनको हकमा कम्तिमा भैसी - १ वटा वा पाडापाडी - २ वटा वा माउबाख्रा - ३ वटा वा गाई - १ वटा वा पंक्षितर्फ - २० वटा मध्ये कुनै एउटा विधा अनिवार्य भएको हुनुपर्ने।

ख) दफा ९(क) मा जेसुकै भनेता पनि अति विपन्न, अति गरिव, अर्काको जमिन अधिया वा अन्य कुनै तरिकाले भोगचलन गरि जिविकोपर्जन गरिरहेका कृषकहरुको हकमा उपसमितिको सिफारिसमा सञ्चालक समितिको निर्णय बमोजिम कृषक छनौट गरिने छ।

ग) निवेदन दिंदाको बखत कृषकको उमेर १८ वर्ष पुरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने।

घ) कृषक विहादी गाउँपालिकाको स्थायी बासिन्दा भई गाउँपालिका भित्रै बसोवास गरिरहेको हुनुपर्ने।

ङ) गाउँपालिकावाट बसाई सराई नभएको हुनुपर्ने।

च) कृषक नेपाल सरकारका कुनै पनि निकायहरुमा स्थायी रुपमा रोजगारमा संलग्न नभएको हुनुपर्ने।

छ) प्रत्येक घरधुरीवाट प्रति परिवार १ जना मात्र कृषक कोषमा सहभागी हुन पाउने छन् ।

ज) दफा ९ (छ) मा जेसुकै भनिएता पनि एकै घरमा बसोबास गर्ने भिन्न भिन्न परिवार भएका दाजुभाईहरुको हकमा कानुन बमोजिम अंशवण्डा भएको लिखत वा छुट्टै विद्युत मिटर जडान गरेको प्रमाण वा छुट्टै धारा जडान गरेको प्रमाण वा वडा कार्यालयको छुट्ट भिन्न भई बसेका परिवार भएको प्रमाण पेश भएमा छुट्टै परिवार भएको मानी दफा ९ (छ) अनुसार बचत कोषमा सहभागी हुन पाउने छन् ।

झ) अविवाहित महिलाको हकमा ३५ वर्ष भन्दा माथिको उमेर समुहको महिला हुनुपर्नेछ र उक्त अविवाहित महिलाको विवाह पछी खाता बन्द गरि खातामा रहेको रकम निजलाई भूक्तानी गरिनेछ ।

**परिच्छेद - ५**

**कोष सञ्चालन प्रकृया**

१०. कोषको सञ्चालन यो कार्यविधि पारित भई राजपत्रमा प्रकाशन भएको महिनावाट महिना बाट सुरु गरिनेछ । यो कोषको सञ्चालन गर्नका लागि कृषक कल्याणकारी बचत कोष सञ्चालक समितिको रायमा गाउँपालिकाले कृषकहरुको पायक पर्ने बैंकसँग कृषकहरुको व्यक्तिगत खाता खोल्नका लागि अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ, जसलाई कृषक कल्याणकारी वचत कोष अनुदान खाताका नामले चिनिने छ ।

११. छनौट भएका कृषकहरुले बैंकमा कृषक कल्याणकारी बचत कोष अनुदान खाताका नामले वा बैंकको सुझाव अनुसार गाउँ कार्यपालिकाले निर्धारण गरेको खाताको नामवाट व्यक्तिगत खाता खोल्नुपर्नेछ ।

१२. क) पहिलोपटकलाई मात्र यो कोष सञ्चालन हुँदाका बखत कृषकहरुले आर्थिक वर्ष २०७८।०७९ भित्र जुनसुकै बेलामा बैंक खाता खोलेमा पनि चालु आ.व.को हकमा गाउँपालिकावाट कार्यविधि राजपत्रमा प्रकाशन भएको महिना देखिकै अनुदान रकम कृषकले बैंक खातामा जम्मा गरेको बैंक भौचरको आधारमा जम्मा गरिने छ ।

ख) आगामी आर्थिक वर्षदेखि कृषकहरुले मासिक वा चौमासिक रुपमा दफा १३ बमोजिमको रकम आ-आफ्नो खातामा जम्मा गर्नुपर्नेछ, एक चौमासिकको रकम अर्को चौमासिकमा जम्मा गर्न पाईने छैन । कृषकले जुन चौमासिकको रकम आफ्नो खातामा जम्मा गरेको प्रमाण पेश गर्नेछ सोही चौमासिक वापतको अनुदान रकम मात्र गाउँपालिकाले उपलब्ध गराउनेछ ।

१३. क) गाउँपालिकाले अनुदान स्वरुप कृषकको खातामा प्रति कृषक प्रति महिना रु २५०/- (दुई सय पचास रुपैयाँ) का दरले चौमासिक रुपमा जम्मा गर्नेछ भने सम्बन्धित कृषकले प्रति महिना अनुदान रकमको दोब्बर रकम रु ५००/- (पाँच सय रुपैयाँ) का दरले आफ्नो खातामा जम्मा गर्नुपर्नेछ ।

ख) दफा १३ (क) मा उल्लेख भएको रकम भन्दा बढी रकम पनि कृषकले स्वईच्छाले आ-आफ्नो खातामा जम्मा गर्न पाउनेछन् तर गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउँदा भने मासिक रु २५०/- का दरले मात्र अनुदान उपलब्ध गराउने छ ।

१४. दफा १३ अनुसार चौमासिक रुपमा कृषकको खातामा अनुदान रकम जम्मा गर्नु अगाडी गाउँपालिकाले सम्बन्धित कृषकबाट मासिक रुपमा रु ५००/- (पाँच सय रुपैयाँ) जम्मा गरे नगरेको बैंकबाट एकिन गर्नुपर्नेछ । कृषकले रकम जम्मा गरेपश्चात मात्र सम्बन्धित कृषकको खातामा गाउँपालिकावाट रकम जम्मा गरिने छ ।

१५. यो कोषको समयावधि पहिलोपटक ५ वर्ष सम्मको हुनेछ, तर गाउँ कार्यपालिकाले निर्णय गरेमा सोही बमोजिम म्याद थप हुन सक्नेछ ।

१६. विशेष परिस्थितिमा बाहेक ५ वर्ष सम्म कृषकले आफ्नो खातावाट रकम झिक्न पार्ने छैन । तर विशेष परिस्थिति आई परेमा सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार कृषक कल्याणकारी बचत कोष सञ्चालक समितिको निर्णयानुसार जुनसुकै समयमा पनि खातामा जम्मा भएको रकम उपलब्ध गराई खाता बन्द गर्न बैंकलाई सिफारिस गर्नेछ ।

**स्पष्टिकरण :** विशेष परिस्थिति भन्नाले दुर्घटनामा परी अंगभङ्ग भएमा, कडा रोग लागि उपचार गर्नु परेमा, विपद्जन्य घटनाहरु घटेमा, बसाईसराई गरी अन्यत्रै जानु परेमा, लाभग्राहीको मृत्यू भएमा आदिलाई बुझ्नुपर्नेछ । यी बाहेक थप विशेष परिस्थितिको हकमा सञ्चालक समितिले आवश्यक निर्णय गर्नेछ ।

१७. सम्बन्धित बैंकले दफा १६ अनुसार सिफारिस भई आएमा सम्बन्धित कृषकको खातामा जम्मा भएको सावाँ ब्याज सहितको रकम भूक्तानी गरी खाता बन्द गर्नुपर्नेछ ।

१८. दफा १७ अनुसार कृषकको खाता बन्द भएमा उक्त कृषक यो कार्यविधि अनुसारको कोषवाट अलग भएको मानिने छ र यो कार्यविधि अनुसारको अनुदान रकम पाउने छैन ।

१९. विहादी गाउँपालिका भित्रका कृषकहरुको खाता खोल्नमा सहजिकरण गर्नका लागि आवश्यक घरदैलो अभियान गर्न गाउँपालिकाले सम्बन्धित बैंकलाई अनुरोध गर्न सक्नेछ ।

२०. कृषक कल्याणकारी बचत कोषमा जम्मा हुन जाने रकमको अधिकतम व्याजका सम्बन्धमा सम्बन्धित बैंक सँग सञ्चालक समितिले बार्ता गरी ब्याजदरको टुंगो लगाउने छ ।

२१. दफा ९ (ग) अनुसार कोषमा सहभागी हुने कृषकको उमेर १८-५९ भएता पनि कोषमा सहभागी भए पश्चात ६४ वर्ष नपुगञ्जेल सम्म उक्त कृषक कोषमा सहभागी हुन पाउने छ र कार्यविधि अनुसारका सम्पूर्ण सेवा सुविधाहरु पाउने छ ।

## परिच्छेद - ६
## विविध

२२. व्याख्या : यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुमा कुनै अस्पष्टता वा द्बुविधा भएमा सञ्चालक समितिको निर्णय अन्तिम र मान्य हुनेछ । तर कार्यविधिको अन्तरनिहित उद्देश्य कृषकको आय आर्जन सँग सम्बन्धित भएकाले गैर कृषकहरुलाई समेट्ने गरी कार्यविधिको व्याख्या गर्न पाईने छैन ।

२३. संशोधन : यस कार्यविधिमा उल्लेख भएका कुनै दफा, बुँदा वा वाक्यंश प्रचलित ऐन, कानुन सँग बाझिएमा बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ । कार्यविधिको कुनै दफामा संशोधन गर्नुपर्ने भएमा समितिको रायमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

विहादी गाउँपालिका

अनुसूची १

दफा ६ सँग सम्बन्धित

कृषकहरुले दिने निवेदनको ढाँचा

मिति : .......................

निवेदकको फोटो

श्रीमान् कार्यालय प्रमुख,

विहादी गाउँ कार्यपालिकाको कार्यालय,

वहाकीठाँटी, पर्वत ।

विषय : कृषक कल्याणकारी वचत कोषमा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा विहादी गाउँपालिकाले कृषकका लागि ल्याएको कृषक कल्याणकारी बचत कोष कार्यक्रममा सहभागी हुने मेरो ईच्छा रहेकाले देहायको विवरण र कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले हालसम्म यस पालिकाले प्रदान गरेको कृषि सम्बन्धी अन्य कुनै अनुदान नलिएको व्यहोरा समेत यसै निवेदन साथ अनुरोध गर्दछु । मैले पेश गरेको विवरण र कागजातहरु झुठा ठहरीएमा कानुन बमोजिम सहुँला / बुझाउँला ।

निवेदकको विवरण :

नाम थर :

स्थायी ठेगाना : पालिका .............................वडा नं. ............ ............................ टोल ..................... घर नं...........

जन्म मिति : नागरिकता नं. जारी मिति :

खेती गरेको जमिनको क्षेत्रफल : ................ रोपनी..................आना.....................पैसा................... दाम

कित्ता नं.:

जग्गा धनीको नाम :

पशुधन तर्फ : भैँसी ................, पडापाडी ................. , माउ बाख्रा ................., गाई/ गोरु .................... पंक्षी ..........

**संलग्न कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि
३. मालपोत तिरेको रसिदको प्रतिलिपि
४. विद्युत महसुल तिरेको रसिद वा खानेपानीको महशुल तिरेको रसिद
५. वडा कार्यालयको सिफारिस
६. अन्य आवश्यक कागजातहरु .......................

**निवेदकको**

हस्ताक्षर:

नाम थर :

मोवाईल नं. :

अनुसुची २

दफा ८ सँग सम्बन्धित

कृषक दर्ता अभिलेख कितावको ढाँचा

# विहादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### वहाकीठाँटी, पर्वत

## कृषक कल्याणकारी बचत कोष दर्ता अभिलेख किताव

| द.नं. | नाम थर | ना.प्र.प.नं. | ठेगाना | | | खेति गरेको जग्गाको विवरण | | पशुधन विवरण | बैंक / खाता नं. | फोटो | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | टोल | घर नं. | क्षेत्रफल | कि.नं. | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

विहादी गाउँपालिका

# अनुसूची ३
## दफा १० सँग सम्बन्धित
## बैंक सम्झौताको ढाँचा

विहादी गाउँपालिका (जसलाई यस पछि प्रथम पक्ष भनिएको ) र .......... बैक (जसलाई यस पछि दोस्रो पक्ष भनिएको विच आज मिति २०७८/...../.... गतेको दिन यस कृषक कल्याणकारि बचत कोष को कार्यविधि अनुसार निम्न शर्तहरुको अधिनमा रहि सम्झौता पत्रमा हस्ताक्षर गरि एक-एक प्रति एक अपसमा लियौ-दियौ ।

शर्तहरु

१. कृषक कल्याणकारि बचत कोष को लागि ....... बैक ........ शाखामा ........ अनुदान खाताको नाममा न्युनतम २००० (दुई हजार) जना कृषकको खाता खोलिने छ ।
२. विहादी गाउँपालिकाले कृषक कल्याणकारि बचत कोष आ.व २०७८/०७९ देखि कृषकको हक हितको लागि सञ्चालनमा ल्याएको हुनाले कृषकको नाफामुखी र सहजताको निमित्त हुनुपर्ने छ ।
३. यस कार्यविधिले १८ वर्ष पुरा भई ६४ वर्ष पुरा नहुदा सम्मको नागरिकलाई यस कार्यक्रममा समावेश भएको मानिने छ ।
४. कृषकले ......... बैक .......... शाखामा बुदा न. १ र २ अनुसारको खाता खोल्न कृषक कल्याणकारी बचत कोष सञ्चालक समितिले उपलब्ध गराएको यस कार्यविधिले कृषक मानेको पत्र सहित बैकमा उपस्थित भएमा मात्र खाता खोल्न सक्नेछन् ।
५. कार्यक्रम चालु आ.व.को पौष देखि सञ्चालनमा आएको हुदा यस आ.व.को लागि मात्र यहि आ.व.को अन्तिम महिनामा (असार मसान्त भित्र) खाता खोल्न आउने कृषकको पनि खाता बैंकले खोलिदिनु पर्नेछ र कृषकले पौष देखि असार सम्मकै रकम आफ्नो खातामा दाखिला गर्नुपर्ने छ ।
६. कृषकले मासिक न्युनतम ५०० वा सोभन्दा बढि अथवा चौमासिक रुपमा २००० वा सोभन्दा बढि रकम आ-आफ्नो खातामा जम्मा गर्नेछन भने गाउँपालिकाले कृषकले जम्मा गरेको रकमको ५० प्रतिशतले हुन आउने रकम वा मासिक रु २५० का दरले खातामा जम्मा गर्नेछ ।
७. कृषकको अनुदान खाता खोल्न आवश्यकता अनुसार सम्वन्धित वडा तथा टोलमा गई खाता खोल्न सहजिकरण गर्नुपर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।
८. यस कार्यक्रममा संलग्न कृषकको खाता ५ वर्ष सम्म निरन्तर सञ्चालनमा रहने छ । कुनै कारणवस खाता बन्द गर्नुपरेमा, रकम झिक्नु परेमा वा अन्य कुराहरु गर्नु परेमा विहादी गाउँपालिकाको कृषक कल्याणकारी बचतकोष सञ्चालन समितिको सिफारिस अनुसार दोश्रो पक्षले खाता सञ्चालन सम्बन्धमा सोही अनुसार आवश्यक कारवाही गर्नेछ ।
९. कृषकको चालु आ.व.०७८/०७९ वाहेक आगामी आ.व. ०७९/०८० देखि मासिक वा चौमासिक रुपमा रकम जम्मा गर्नुपर्ने छ । कृषकले एक चौमासिकको रकम अर्को चौमासिकमा जम्मा गरेता पनि कृषकको खातामा जम्मा नभएको चौमासिक रकम वापतको अनुदान रकम गाउँपालिका सम्बन्धित कृषकको खातामा दाखिला गर्न बाध्य हुने छैन ।
१०. बैकले उपलब्ध गराउने ब्याजदर प्रचित नियमानुसार उपलब्ध गराउनु पर्ने छ । साथै कृषकको लागि ऋण आवश्यक परेमा बैंकको नियमानुसार सहुलियत ब्याजदरमा उपलब्ध गराउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
११. दोश्रो पक्षले उपलब्ध गराउने बुदा न.१० अनुसारको ब्याजदर सम्बन्धित कृषकको खातामा नै त्रैमासिक रुपमा जम्मा गर्नुपर्ने छ ।
१२. कृषकले यसै अनुदानको लागि मात्र यो खाता प्रयोग गर्न पाउने छन । अन्य प्रयोजनको लागि यो खाता प्रयोग गर्न पाईने छैन ।

१३. कृषकको खाता कार्यविधि लागु भएको मिति देखि ५ वर्ष सम्म निरन्तर सञ्चालन हुने छ। त्यस पश्चात प्रथम पक्षले थप कुनै निर्णय गरेमा सोही अनुसार हुनेछ अन्यथा यो अनुदान खाताको समयावधि सकिएको मानिनेछ र तत् पश्चात कृषकले रकम स्वेच्छाले निकाल्न पाउने छन्।

१४. यस सम्झौतामा भएका शर्त बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छन्।

**प्रथम पक्षको तर्फबाट**

दस्तखत ...................................
नाम :
पद :

**दोश्रो पक्षको तर्फबाट**

दस्तखत................................
नाम :
पद :

**रोहवर**

दस्तखत :............
नाम :
पद :

दस्तखत ...............
नाम :
पद :

दस्तखत ...............
नाम :
पद :

विहादी गाउँपालिका